# हतियार अनुगमन सम्बन्धी अन्मिनको कार्यादेशका सम्बन्धमा प्रेस विज्ञप्ति

## सन् २०१० फेब्रुअरी १६

*हालैका दिनहरूमा सञ्चारमाध्यममा अन्मिनको अनुगमनसम्बन्धी भूमिकालाई लिएर भएगरेका टिकाटिप्पणीलाई ध्यानमा राखी जारी गरिएको विज्ञप्ति ।*

हालैका दिनहरूमा सञ्चारमाध्यममा प्रकाशित समाचारहरूले अन्मिनलाई सम्बन्धित पक्षहरूले आग्रह गरेका भन्दा परका विषयहरूमा जिम्मेवार देखाएका छन्। अन्मिन विस्तृत शान्ति सम्झौता एवम् हातहतियार तथा सेना व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौताबाट निर्दिष्ट छ। यसको अनुगमन भूमिकामा अन्मिनले नेपाली सेना तथा माओवादी सेनाको सुपरिवेक्षण तथा नियन्त्रण गर्दैन।

### नेपाली सेना तथा माओवादी सेनाको जिम्मेवारी

हातहतियार तथा सेनाको व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौताअन्तर्गत नेपाली सेना र माओवादी सेनाको व्यवस्थापनको दायित्व उनीहरूकै आ-आफ्नै चेन अफ कमान्डअन्तर्गत रहन्छ। कुनैपनि सेना, शिविर र ब्यारेकको प्रत्यक्ष व्यवस्थापन गर्न अन्मिनलाई अनुरोध गरिएको छैन। आ-आफ्नो कमान्डमा रहेका सेनाको वास्तविक सङ्ख्या अन्मिनलाई उपलब्ध गराउने दायित्व दुवै पक्षमा रहेको छ।

सन् २००९ अक्टोबरमा अन्मिनले आफूले अध्यक्षता गरेको र दुवै पक्षका सेनाहरू सदस्य रहेको हतियार तथा सेनाको व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौता पालना गरेनगरेको हेर्ने संयन्त्र संयुक्त अनुगमन समन्वय समितिमार्फत नेपाली सेना र माओवादी सेनालाई आ-आफ्नो फौजको वर्तमान आकारबारे जानकारी दिन औपचारिक आग्रह गरेको थियो।

अन्मिनलाई नेपाली सेना तथा माओवादी सेना दुवैले अद्यावधिक तथ्याङ्क उपलब्ध गराउन बाँकि नै छ । सन् २००९ को अक्टोबरमा महासचिवले सुरक्षा परिषद्मा पेस गर्नुभएको प्रतिवेदन (एस/२००९/५५३) मा भन्नु हुन्छ, “यस रिपोर्टिङ् अवधिमा अन्मिनले आफ्नो हतियार अनुगमन व्यवस्थापनको समीक्षा गरी नेपाली सेना तथा माओवादी सेनालाई आ-आफ्ना जवानहरूको संख्या यकिन गर्न तथा फौजको आवतजावतको सूचनाका सम्बनधमा अन्मिनसँग सहकार्य गर्न जोड दियो”। यसै गरी सन् २०१० जनवरी ७ मा सुरक्षा परिषद्समक्ष प्रस्तुत प्रतिवेदन (एस/२०१०/१७) मा उहाँ भन्नुहुन्छ, “सुरक्षा परिषदमा मैले पेश गरेको अघिल्लो रिपोर्टमा भनेझैं आफ्ना जवानहरूको

संख्या यकिन गर्न तथा फौजको आवतजावतको सूचना दिई अन्मिनसँग सहकार्य अभिवृद्धि गर्नका लागि प्रस्ताव गरिएको सिफारिस नत नेपाली सेनाले पालना गर्यो नत माओवादी सेनाले नै"।

हतियार तथा सेनाको व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौताको ४.१.१. (माओवादी सेनाको हकमा) र ४.२.२. (नेपाली सेनाको हकमा) अन्तर्गत दुवैले यस सम्बन्धी सूचना अन्मिनलाई उपलब्ध गराउनु पर्छ।अन्मिनलाई उक्त सूचना दिन नसक्नु हतियार तथा सेना व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौताको उल्लङ्घन हो।

**अनुपस्थिति, मृत्यु तथा परित्याग**

हातहतियार तथा सेना व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौताको दफा ५.२.५ बमोजिम शिविर वा ब्यारेकमा सिमित गरिएका सेनाका संख्याको १२ प्रतिशत भन्दा बढी व्यक्ति एकै समयमा अनुपस्थित हुनु हुँदैन।र यो नियमको पालना गराउनु माओवादी र नेपाली सेनाका कमान्डरहरूको जिम्मेवारी हो।गयल हुन सक्ने स्वीकृत कारणहरूमा विदा, स्वास्थ्य उपचार र पारिवारिक भेटघाटलगाएत पर्छन्। सहमति गरिएको अवस्थामा बाहेक शिविरमा अनुपस्थित रहँदा सेनाका सदस्यहरूले सादा पोसाकमा रहनु पर्छ र हतियार बोक्न पाउँदैनन्।सेनाका सदस्यहरूको मृत्यु एवम् भागेर गएकाहरूको बारेमा आधिकारिक सूचना संयुक्त अनुगमन समन्वय समितिलाई दिइन्छ र माओवादीले धेरै पटक त्यस्ता सूचनाहरू उपलब्ध गराएको छ।

**शान्ति तथा पुनर्निमाण मन्त्रालयले तलब भुक्तानीको अबलोकन गर्न अन्मिनलाई गरेको अनुरोध**

हातहतियार तथा सेना व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौताको दफा ४.१ बमोजिम शिविरमा राखिएका माओवादी सेनालाई खाद्यान्य आपुर्ति तथा "अन्य आवाश्यक प्रबन्ध" गर्ने जिम्मेवारी सरकारको हो। शान्ति तथा पुनर्निर्माण मन्त्रालयले सन् २००७ देखि माओवादी सेनाका सदस्यहरूलाई रकम उपलब्ध गराउँदै आएको छ। सन् २००८ को सेप्टेम्बरमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले अन्मिनलाई नियमित व्यक्तिगत तलब वितरणको अवलोकन गर्न अनुरोध गरेको थियो तर यस्तो भुक्तानीको अनुगमन तथा नियन्त्रणको दायित्व मन्त्रालयसँगै रहेको छ।

**माओवादी सेनामा पछि भर्ती भएका तथा नाबालिग भएका कारण योग्य नठहरिएका व्यक्तिहरू**

राष्ट्रसंघको नेतृत्वमा भएको प्रमाणीकरण प्रक्रियामा योग्य नठहरिएकाहरू माओवादी सेनाको हिस्सा रहेनन् र यिनीहरूले तत्काल शिविर छोड्नु पर्ने थियो।तिनीहरू कहाँ छन् भन्ने कुरा अनुगमनको विषय होइन। तिनीहरू शान्ति मन्त्रालयमार्फत नियमित तलब पाउँदैनन्। १६ डिसेम्बर २००९ मा हस्ताक्षर गरिएको बिहिर्गमनसम्बन्धी कार्य-योजनामा सहमति भएअनुसार ओएचसिएचआर र युनिसेफले यसको पालना भएनभएको अनुगमन गर्छन्।